वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १७३ | २०८३ कात्तिक १४ गते शनिबार, नेपाल सम्वत् ११४६ October 31, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



हाटबजारमा स्थानीय उत्पादन

तनहुँको बन्दीपुर गाउँपालिकाले बन्दीपुरमा सञ्चालनमा ल्याएको कृषि हाटबजारमा आफुले उत्पादन गरेको तरकारी बिक्रीका लागि लिएर बसेका स्थानीय कृषक महिलाहरू । गाउँपालिकाले उत्पादक र उपभोक्तालाई प्रत्यक्ष जोड्ने उद्देश्यले प्रत्येक हप्ताको शुक्रबार कृषि हाटबजार सञ्चालन गर्दै आएको छ । यसले किसानको मिहिनेत, स्थानीय उत्पादनको सुगन्ध र बजारको चहलपहलले बन्दीपुर हाटबजारलाई थप जीवन्त बनाउँदै लगेको छ ।

तस्विर : भञ्ज्याङ

किसानलाई सस्तोमा फूल बेच्नुपर्ने बाध्यता, बजारमा महँगो

सयपत्रीको मूल्यमा उत्पादक र उपभोक्ताबीच ठूलो अन्तर, बजार सुनिश्चित नहुँदा तनहुँका किसान चिन्तित

भञ्ज्याङ समाचारदाता/तनहुँ

तिहारमा सयपत्री फूलको माग बढ्ने भए पनि तनहुँका व्यावसायिक किसानले उत्पादनको उचित मूल्य र बजार सुनिश्चित गर्न सकेका छैनन् । खेतबारीमा मेहनत गरेर फूल उत्पादन गर्ने किसानले न्यून मूल्यमा बिक्री गर्नुपर्ने तर उपभोक्ताले बजारमा चर्को मूल्य तिर्नुपर्ने अवस्थाले फूलको कारोबारमा उत्पादक र उपभोक्ताबीचको मूल्य अन्तर बढाएको छ ।

बजारसम्म किसानको प्रत्यक्ष पहुँच नहुँदा बीचका व्यापारीले बढी लाभ लिने गरेका छन् । अर्कोतर्फ, तिहारका लागि तयार हुँदै गरेको फूल बिक्री नहुने र मौसमी प्रतिकूलताले उत्पादनमा क्षति पुऱ्याउने चिन्ताले किसानलाई सताएको छ ।

म्याग्दे गाउँपालिका-४ छिम्लीश्वाराका महिलाले गरेको सामूहिक सयपत्री खेतीमा पनि बजारको यही समस्या देखिएको छ । चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक समूहमा आबद्ध २३ महिलाले १६ रोपनी क्षेत्रफलमा सयपत्री फूल खेती गरेका छन् । उत्पादन बजारमा पुऱ्याउने तयारीमा रहेका उनीहरु उचित मूल्य र बिक्रीको सुनिश्चितता नहुँदा चिन्तित छन् ।

समूहकी अध्यक्ष जितमाया रानाका अनुसार किसानले प्रतिकिलो तीन सय रूपैयाँमा बिक्री गर्ने सयपत्री फूल बजारमा आठ सयदेखि एक हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको छ । उत्पादन गर्ने किसान र उपभोक्ताले खरिद गर्ने मूल्यबीच ठूलो अन्तर हुँदा किसानले आफ्नो मेहनतअनुसारको लाभ लिन नसकेको उनि बताउँछिन् ।

रानाले भनिन्, "हामी मेहनतले फूल उत्पादन गर्छौं तर बिक्री गर्ने बेलामा उचित मूल्य पाउँदैनौं।" माग बढ्ने समयमा पनि फूल बिक्रीको सुनिश्चितता नहुँदा लगानीसमेत नउठ्ने हो कि भन्ने चिन्ता किसानमा रहेको उनको भनाइ छ ।

म्याग्दे गाउँपालिकाले वडा नं. ४, ५ र ६ का किसान तथा समूहलाई व्यावसायिक फूल खेतीमा सहयोग गर्दै आएको छ। गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठका अनुसार स्थानीय उत्पादनको बजार विस्तार गर्न पालिकाले आफ्ना कार्यक्रम तथा चाडपर्वमा स्थानीय फूलको प्रयोग



बाँकी तेश्रो पेजमा

दमौलीमा ११ ए साइड फुटबल प्रतियोगिता सुरू

भञ्ज्याङ समाचारदाता/दमौली

दमौलीमा १५ वर्षपछि ११ ए साइड फुटबल प्रतियोगिता सुरू भएको छ । व्यास नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा शनिबारदेखि व्यास नगरपालिका-३ स्थित बीपी वनवाटिका खेलमैदानमा प्रथम व्यास मेयर कप वडास्तरीय फुटबल प्रतियोगिता सुरू भएको हो ।

खेलमैदानको अभावमा लामो समयदेखि दमौलीमा सेभेन ए साइड फुटबल प्रतियोगिता मात्रै सञ्चालन हुँदै आएको थियो। नगरपालिकाले बीपी वनवाटिका खेलमैदान स्तरोन्नति गरेपछि पहिलोपटक ११ ए साइड प्रतियोगिता आयोजना गर्न सम्भव भएको हो ।

प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख वैकुण्ठ न्यौपानेले वडास्तरबाटै खेलकुद गतिविधि सञ्चालन गर्दा स्थानीय प्रतिभाको पहिचान र दक्ष खेलाडी उत्पादनमा सहयोग पुग्ने बताए । नगरपालिकाले विभिन्न खेल विधालाई प्राथमिकतामा राखेर खेल गतिविधि अघि बढाएको उनको भनाइ थियो ।

नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरूङले खेलाडीको क्षमता अभिवृद्धि र वडाबाटै दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । उनले पहिलो संस्करणपछि प्रतियोगितालाई आगामी वर्षदेखि पनि निरन्तरता दिइने जानकारी दिए ।



प्रतियोगितामा व्यास नगरपालिकाका १४ वटै वडाका टोली सहभागी छन् । प्रतियोगिता सञ्चालनका लागि नगर खेलकुद विकास समितिले पाँच लाख रूपैयाँ र प्रत्येक वडाले एक लाख रूपैयाँका दरले बजेट विनियोजन गरेका छन् ।

प्रतियोगिताको विजेता टोलीले एक लाख, उपविजेताले ७५ हजार र तृतीय हुने टोलीले ५० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। यस्तै उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

माननीयको कालो ज्याकेट

जीवनमा केही सम्झनाहरु यस्ता हुन्छन्, जसको मूल्य पैसाले मापन गर्न सकिँदैन । समय बित्दै जान्छ, मानिसका परिचय बदलिन्छन्, जिम्मेवारी फेरिन्छन् र जीवनका बाटाहरु अलग-अलग दिशातिर मोडिन्छन् । तर, कुनै समय कसैले देखाएको आत्मीयता भने मनको कुनै कुनामा सधैँ जीवित रहिरहन्छ । पुरानो चिठी, साथीले दिएको पुस्तक वा चिसो मौसममा कसैले आफ्नो शरीरबाट फुकालेर दिएको एउटा ज्याकेट पनि जीवनभर सम्झनामा रहन सक्छ ।

मेरो स्मृतिमा पनि एउटा यस्तै ज्याकेट छ- विराजभक्त श्रेष्ठको कालो ज्याकेट ।

आजका माननीय ऊर्जा मन्त्री विराजभक्त श्रेष्ठ कुनै समय मेरा समकालीन राजनीतिक सहयात्री थिए । वैकल्पिक राजनीतिको यात्रामा झन्डै एक दशक हामीले सँगै काम गर्‍यौं । त्यो समय हामीसँग सत्ताको शक्ति थिएन, ठूला पदको सुनिश्चितता थिएन र भविष्यमा को कहाँ पुग्छ भन्ने कुनै निश्चित नक्सा पनि थिएन । हामीसँग थियो त परिवर्तनको सपना, राजनीतिक संस्कार बदल्नुपर्छ भन्ने विश्वास र परम्परागत राजनीतिक अभ्यासभन्दा फरक बाटो खोज्ने हुटहुटी।

हामीले राजनीति केवल निर्वाचन जित्ने, पद प्राप्त गर्ने वा राज्यसत्तामा पुग्ने माध्यमका रूपमा मात्र हेरेका थिएनौं। राजनीति नागरिकको जीवन बदल्ने, सार्वजनिक संस्थालाई उत्तरदायी बनाउने र समाजमा नयाँ सम्भावना खोज्ने माध्यम हुनुपर्छ भन्ने विश्वास थियो। यही विश्वासले हामीलाई वैकल्पिक राजनीतिको यात्रामा जोडेको थियो ।

त्यही राजनीतिक सहयात्राका क्रममा विराज दाइ बागमती प्रदेशसभाको सदस्यसमेत हुनुभयो । समय अघि बढ्दै गयो। राजनीतिक यात्राले आ-आफ्ना मोड लिँदै गयो । आज उहाँ नेपालको ऊर्जा मन्त्रालयको नेतृत्व गरिरहनुभएको छ । तर, उहाँको वर्तमान राजनीतिक परिचय सम्झँदा मेरो मनमा सबैभन्दा पहिले आउने दृश्य कुनै औपचारिक समारोह, भाषण वा राजनीतिक विजयको होइन। त्यो त एउटा चिसो दिन, सिमसिम पानी र उहाँले मलाई दिनुभएको कालो ज्याकेटको हो ।

मलाई ठ्याक्कै तिथिमिति याद छैन। जाडोको मौसम थियो । आकाशबाट सिमसिम पानी परिरहेको थियो । म त्यतिबेला परदेशबाट बिदामा नेपाल आएको थिएँ । मोटरसाइकलमा यात्रा गर्न रूचाउने मेरो स्वभावअनुसार घरबाटै बाइक लिएर काठमाडौंमा विराज दाइलाई भेट्न पुगेँ ।

परदेशको जीवनमा घर फर्किने बिदा केवल आराम गर्ने समय हुँदैन । लामो समयदेखि भेट्न नपाएका साथीभाइसँग भेट्ने, पुराना सम्बन्धलाई ताजा बनाउने र आफूले पछाडि छोडेर आएको जीवनसँग फेरि जोडिने अवसर पनि हुन्छ । त्यही क्रममा म दाइलाई भेट्न पुगेको थिएँ ।

भेटघाटका क्रममा दाइले चिसोले मलाई अप्ठ्यारो भइरहेको देख्नुभयो होला। उहाँले आफ्नो कालो ज्याकेट दिँदै भन्नुभयो, "चिसो छ, यो ज्याकेट लगाऊ।"

मैले ज्याकेट लगाएँ । तर, लगाउनेबित्तिकै थाहा भयो- त्यो मेरो शरीरका लागि निकै ठूलो थियो । दाइ अग्लो शरीरको मान्छे, म तुलनात्मक रूपमा होचो । उहाँको ज्याकेट लगाउँदा त्यो मेरो घुँडासम्म आइपुग्थ्यो । शरीरको नापअनुसार हेर्दा त्यो ज्याकेट ममाथि सुहाएको थिएन । मानौं, मैले ज्याकेट लगाएको भन्दा पनि ज्याकेटले मलाई नै ढाकेको थियो । तर, त्यो दिन मलाई ज्याकेटको आकारसँग कुनै गुनासो थिएन। मैले त्यही ज्याकेट लगाएँ र मोटरसाइकल चढेर नवलपुर फर्किएँ ।

आज यतिका वर्षपछि पनि त्यो घटनालाई सम्झँदा मनमा आत्मीयताको एउटा न्यानो अनुभूति जाग्छ । त्यो न्यानोपन ज्याकेटको कपडाबाट मात्र आएको थिएन; त्यो त सम्बन्धबाट आएको थियो । कुनै ठूलो औपचारिकता, राजनीतिक हिसाबकिताब वा प्रतिफलको अपेक्षाविना गरिएको सानो सहयोगले पनि मानिसको मनमा गहिरो छाप छोड्न सक्छ भन्ने कुरा मैले त्यस घटनाबाट महसुस गरेको छु,- शरीरको नाप फरक हुन सक्छ, तर मनको नाप मिल्यो भने सम्बन्धको न्यानोपनले सबै दूरी पार गर्न सक्छ भन्ने उदाहरण ।

वैकल्पिक राजनीतिको सपना र



मूलधारको यात्रा

हामीले वैकल्पिक राजनीतिको बाटो रोज्नुको पछाडि एउटा गहिरो असन्तुष्टि थियो । नेपालमा राजनीतिक परिवर्तनहरु धेरै भए, व्यवस्था फेरिए, संविधान बने, निर्वाचन भए र सरकारहरु आए-गए । पुराना राजनीतिक दलहरूले लोकतन्त्र स्थापना, नागरिक अधिकार र राजनीतिक परिवर्तनका लागि गरेका योगदानको आँ नै ऐतिहासिक महत्त्व छ । तर, समयसँगै सुशासन, पारदर्शिता, जवाफदेहिता र जनअपेक्षाअनुसारको सेवा प्रवाहमा देखिएका कमजोरीले नागरिकमा निराशा पनि बढायो । यही पृष्ठभूमिमा वैकल्पिक राजनीतिको बहस बलियो भएको थियो । हाम्रो अपेक्षा नयाँ अनुहार राजनीतिमा ल्याउनु मात्र थिएन; राजनीतिको कार्यशैली, नेतृत्वको व्यवहार र सार्वजनिक जिम्मेवारीप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउनु पनि थियो ।

वैकल्पिक राजनीति भन्नुको अर्थ पुराना दलका सबै काम गलत ठान्नु र नयाँ शक्तिका सबै निर्णय सही मान्नु होइन। यसको वास्तविक अर्थ पुराना राजनीतिक अनुभवबाट सिक्दै कमजोरी सच्याउनु, नागरिकका नयाँ अपेक्षालाई सम्बोधन गर्नु र राजनीतिलाई अझ जवाफदेही बनाउनु हो ।

हामीले चाहेको राजनीति यस्तो थियो, जहाँ सार्वजनिक पदलाई व्यक्तिगत प्रतिष्ठाको साधन होइन, जनताको सेवा गर्ने जिम्मेवारीका रूपमा लिइयोस् । नेतृत्वले आलोचनालाई शत्रुता नठानोस्, नागरिकले प्रश्न गर्न पाऊन् र राजनीतिक विचारलाई व्यवहारमा उतार्ने इमानदार प्रयत्न होस्। तर, नयाँ विचार जन्माउनु र त्यसलाई दीर्घकालीन राजनीतिक संस्कारमा रूपान्तरण गर्नु फरक कुरा हुन् । संगठन निर्माण, जनविश्वास कायम राख्ने काम, आन्तरिक लोकतन्त्रको अभ्यास र नीतिलाई परिणाममा बदल्ने चुनौती वैकल्पिक राजनीतिक शक्तिका अगाडि सधैँ रहन्छन् ।

विराज दाइ आज मूलधारको राजनीतिमा महत्त्वपूर्ण जिम्मेवारीमा छन्। वैकल्पिक राजनीतिको यात्राबाट राज्यसत्ताको नेतृत्वसम्म पुग्नु उहाँको व्यक्तिगत राजनीतिक यात्राको एउटा महत्त्वपूर्ण मोड हो । यसलाई वैकल्पिक शक्तिहरूले मूलधारमा प्रवेश गर्ने व्यापक प्रक्रियासँग जोडेर पनि हेर्न सकिन्छ । मूलधारमा पुग्नु आफैंमा वैकल्पिक राजनीतिबाट विचलित हुनु होइन ।

राज्यसत्तामा नपुगी सार्वजनिक नीति र शासन प्रणालीमा प्रभाव पार्न कठिन हुन सक्छ। परिवर्तनका विचारलाई व्यवहारमा उतार्न, सार्वजनिक स्रोतको सदुपयोग गर्न र नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउन राज्यका संस्थाहरूभित्र रहेर काम गर्नुपर्ने अवस्था पनि आउँछ ।

तर, यहाँ एउटा महत्त्वपूर्ण प्रश्न छ- मूलधारमा प्रवेश गरेपछि वैकल्पिक राजनीतिले मूलधारलाई बदल्छ कि आफैं मूलधारका पुराना कमजोरीहरूमा रूपान्तरण हुन्छ ?

यही प्रश्नले वैकल्पिक राजनीतिबाट आएका नेतृत्वको वास्तविक परीक्षा गर्छ। नयाँ हुनु भनेको नयाँ अनुहार हुनु मात्र होइन; निर्णय गर्ने तरिका, आलोचना सुन्ने क्षमता, सार्वजनिक स्रोतप्रतिको जिम्मेवारी र नागरिकसँगको व्यवहारमा नयाँपन देखिनु पनि हो ।

हिजो हामीले जुन राजनीतिक संस्कार बदल्ने सपना देखेका थियौं, आज त्यही संस्कारलाई व्यवहारमा उतार्ने अवसर विराज दाइसमक्ष छ । उहाँले आफ्नो कार्यकालमा सुशासन, पारदर्शिता, जवाफदेहिता र परिणाममुखी नेतृत्वलाई कति प्राथमिकता दिनुहुन्छ भन्ने कुराले उहाँको राजनीतिक यात्रालाई अझ अर्थपूर्ण बनाउन सक्छ ।

मन्त्रीको जिम्मेवारी र पुरानो सहयात्रीको अपेक्षा

आज विराज दाइ ऊर्जा मन्त्री हुनुहुन्छ। नेपालको ऊर्जा क्षेत्र देशको आर्थिक विकास, औद्योगिकीकरण, रोजगारी, पूर्वाधार र नागरिकको जीवनस्तरसँग प्रत्यक्ष जोडिएको क्षेत्र हो । जलविद्युत् उत्पादन, प्रसारण लाइनको विस्तार, ऊर्जा व्यापार, स्वच्छ ऊर्जाको विकास र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउने विषयमा देशले उहाँबाट अपेक्षा राख्नु स्वाभाविक छ।

उहाँको कार्यकालको मूल्याङ्कन भावनात्मक निकटताका आधारमा होइन, काम र परिणामका आधारमा हुनुपर्छ। ऊर्जा क्षेत्रमा भएका सुधार, कार्यान्वयन भएका योजना र नागरिकले प्रत्यक्ष अनुभव गरेका उपलब्धिले उहाँको नेतृत्वको मूल्याङ्कन गर्नेछन्।

तर, मेरा लागि उहाँको परिचय ऊर्जा मन्त्रीमा मात्र सीमित छैन। उहाँ त्यो समयका राजनीतिक सहयात्री पनि हुनुहुन्छ, जससँग मैले झन्डै एक दशक वैकल्पिक राजनीतिको बाटोमा काम गरेको थिएँ। त्यसैले उहाँले प्राप्त गर्नुभएको जिम्मेवारीलाई म केवल एउटा व्यक्तिको राजनीतिक सफलताका रूपमा मात्र हेर्दिनँ। यसमा कुनै समय हामीले उठाएका प्रश्न र देखेका सपनालाई व्यवहारमा प्रमाणित गर्ने सम्भावना पनि देख्छु ।

म उहाँले सफलतापूर्वक काम गर्नुभएको देख्न चाहन्छु । उहाँको नेतृत्वमा ऊर्जा क्षेत्रले प्रगति गरोस् र नागरिकले त्यसको प्रत्यक्ष लाभ पाऊन् भन्ने चाहन्छु। तर, यो सद्भावको अर्थ उहाँका हरेक निर्णयको समर्थन गर्नु होइन । लोकतन्त्रमा पुरानो सहयात्रीप्रति आत्मीयता राख्दै पनि उसको सार्वजनिक जिम्मेवारीमाथि प्रश्न गर्न सकिन्छ। वास्तवमा, आलोचना सुन्ने र आवश्यक परे आफ्नो निर्णय सच्याउने क्षमता नै लोकतान्त्रिक नेतृत्वको महत्त्वपूर्ण गुण हो।

राजनीतिमा सम्बन्ध र विचारलाई एकअर्काको विरोधी बनाउनु आवश्यक छैन । हामी कसैको सफलतामा खुसी हुन सक्छौं, उसको राम्रो कामको प्रशंसा गर्न सक्छौं र आवश्यक पर्दा कमजोरी औंल्याउन पनि सक्छौं। सहयात्राको अर्थ अन्धसमर्थन होइन; एकअर्काप्रति सम्मान राख्दै सार्वजनिक हितलाई प्राथमिकता दिन सक्नु हो ।

पदभन्दा पुरानो सम्बन्धको महत्त्व

समयले मानिसको परिचय बदल्छ। हिजो सामान्य राजनीतिक सहयात्री रहेका मानिसहरु आज सांसद, मन्त्री वा अन्य महत्त्वपूर्ण जिम्मेवारीमा पुग्न सक्छन् । जीवनका बाटाहरु अलग हुन सक्छन्, भेटघाट कम हुन सक्छ र नयाँ जिम्मेवारीले पुराना सम्बन्धका लागि समय निकाल्न कठिन बनाउन सक्छ ।

सायद अहिलेको व्यस्तता र जिम्मेवारीका बीचमा विराज दाइलाई त्यो कालो ज्याकेटको घटना सम्झना नहोला। सम्भवतः उहाँका लागि त्यो जीवनका धेरै सामान्य घटनामध्ये एउटा मात्र थियो । म यसमा कुनै गुनासो गर्दिनँ। मानिसले आफूले गरेका सबै साना व्यवहार सम्झन सम्भव पनि हुँदैन ।

तर, दिने व्यक्तिले सामान्य ठानेको घटना पाउने व्यक्तिका लागि अविस्मरणीय बन्न सक्छ । मलाई त्यो ज्याकेटको बदलामा केही चाहिएको छैन । न कुनै प्रतिफलको अपेक्षा छ, न कुनै राजनीतिक लाभको हिसाब । यो प्रसङ्ग उठाउनुको उद्देश्य केवल एउटा पुरानो आत्मीयतालाई सम्झनु र त्यो समयको मानवीय पक्षलाई शब्दमा उतार्नु हो ।

सम्बन्धको गहिराइ सधैँ दैनिक भेटघाटले मात्र निर्धारण गर्दैन । कहिलेकाहीँ वर्षौंसम्म भेट नभए पनि कुनै एउटा सम्झनाले सम्बन्धलाई मनभित्र जीवित राख्छ । विचारमा असहमति हुन सक्छ, जीवनका प्राथमिकता फरक हुन सक्छन्, तर विगतमा सँगै हिँडेको बाटोलाई सम्मान गर्न सक्नु परिपक्व सम्बन्धको एउटा सुन्दर पक्ष हो ।

मेरो र विराज दाइको वर्तमान फरक छ । उहाँ राज्यको जिम्मेवारीमा हुनुहुन्छ, म आफ्नै जीवन, विचार र लेखनको यात्रामा छु। तर, हाम्रो विगतको सहयात्रा दुवैको जीवनको इतिहासको हिस्सा हो । त्यसलाई आजको पद र परिचयका आधारमा मात्र हेर्नु उचित हुँदैन।

मलाई लाग्छ, मानिसको वास्तविक उचाइ उसले प्राप्त गरेको पदबाट मात्र नार्पिदैन। अधिकार प्राप्त भएपछि उसले कस्तो व्यवहार गर्छ, आफ्नो विगतलाई कसरी हेर्छ र सार्वजनिक जिम्मेवारीलाई कति इमानदारीपूर्वक निर्वाह गर्छ भन्ने कुराले पनि उसको व्यक्तित्वको उचाइ निर्धारण गर्छ ।

कालो ज्याकेटले सिकाएको दर्शन

जीवनका गहिरा पाठ सधैँ ठूला घटनाबाट मात्र सिकिँदैनन् । कहिलेकाहीँ एउटा सामान्य व्यवहारले पनि हामीलाई सम्बन्ध, राजनीति र मानवीय संवेदनाको अर्थ बुझाइदिन्छ।

विराज दाइको त्यो ज्याकेट मेरो शरीरमा ठूलो थियो, तर त्यसले आफ्नो उद्देश्य पूरा गरेको थियो । त्यसले मलाई चिसोबाट जोगाएको थियो। आज सम्झँदा लाग्छ, राजनीतिमा पनि कुनै योजना, संस्था वा नेतृत्वको वास्तविक मूल्य त्यसको आकार, प्रचार वा पदमा होइन, त्यसले नागरिकको जीवनमा ल्याएको सकारात्मक परिवर्तनमा हुन्छ ।

हामी ठूला राजनीतिक नारा दिन सक्छौं, परिवर्तनका आकर्षक योजना प्रस्तुत गर्न सक्छौं र उच्च पद प्राप्त गर्न सक्छौं। तर, ती सबैको अर्थ तब मात्र हुन्छ, जब तिनले जनताको वास्तविक समस्या समाधान गर्न मद्दत गर्छन् ।

हिजो एउटा ज्याकेटले मलाई न्यानो दिएको थियो। आज ऊर्जा मन्त्रालयको नेतृत्वले लाखौं नागरिकलाई भरपर्दो ऊर्जा

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

वृष
उद्योग र व्यापारमा मनग्य फाइदा हुनेछ। मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ।

मिथुन
प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला।

कर्कट
हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ।

सिंह
नियमित काममा भने साबिकजस्तै फाइदा भइरहनेछ। सावधानीले मात्र कार्यसिद्धि हुनेछ।

कन्या
आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ ।

तुला
प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ।

वृश्चिक
सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ।

धनु
अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति अलि प्रतिकूल रहनेछ।

मकर
केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने समय छ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान्।

कुम्भ
उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। साथ दिनेहरु बढ्नेछन्।

मीन
मिहिनेतले आंशिक सफलता प्राप्त हुनेछ। आर्थिक फाइदा कमै भए पनि कामले ज्ञान दिलाउनेछ।



श्रृंगारका सामाग्रि : तनहुँको दमौलीस्थित एक पसलमा श्रृंगारका सामाग्रि खरिद गर्दै युवतीहरू । *तस्विर : भञ्ज्याङ*

बेनी बजार जोगाउन ५ करोडको योजना, एक महिनाभित्र ठेक्का

भञ्ज्याङ समाचारदाता/म्याग्दी

कालीगण्डकी नदीको बाढीले कटान गरी क्षति पुऱ्याएको बेनी बजार संरक्षणको संरचना पुनर्निर्माण गरिने भएको छ । बाढीले भत्काएका पक्की पर्खाल र क्षतिग्रस्त रिङरोड मर्मत तथा पुनर्निर्माणका लागि करिब ५ करोड रूपैयाँ खर्च हुने प्रारम्भिक अनुमानसहित सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले प्रक्रिया अघि बढाएको छ ।

बजार संरक्षणका लागि निर्माण गरिएका संरचना बाढीले क्षति पुऱ्याएपछि आगामी वर्षायाममा थप कटान र जोखिम हुन नदिन पुनर्निर्माणको तयारी गरिएको हो । आयोजनाले एक महिनाभित्र ठेक्का आह्वान गर्ने र आगामी बर्खाअघि नै नदी नियन्त्रण तथा संरक्षणका काम सम्पन्न गर्ने लक्ष्य राखेको जनाएको छ।

असोज दोस्रो साताको बाढीले बेनी नगरपालिका-८ गणेश टोल पछाडि निर्माण गरिएको करिब ८० मिटर लामो पक्की पर्खाल कटान गरेको थियो । त्यस्तै, वडा नं. ७ स्थित म्याग्दी जेसीजको कार्यालय अगाडि रहेको करिब १५ मिटर लामो पक्की पर्खाल पनि क्षतिग्रस्त बनेको थियो । बाढीको कटानले बजार संरक्षणका लागि बनाइएको रिङरोडमा समेत क्षति पुगेको छ ।

क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि आयोजनाले प्राविधिक अध्ययन र लागत अनुमानको काम अघि बढाउने भएको छ । आयोजनाका इन्जिनियर नरजंग गुरूङले तत्काल लागत अनुमान तयार गरी आवश्यक बजेट व्यवस्थापनसहित एक महिनाभित्र ठेक्का प्रक्रिया सुरू गर्ने योजना रहेको बताए । उनका अनुसार पुनर्निर्माणमा कम्पोजिट प्रविधिको पर्खाल निर्माण गरिनेछ । शुक्रबार जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, प्रमुख जिल्ला अधिकारी गणेश गैरे तथा सिँचाइ आयोजनाका प्राविधिकसहितको टोलीले बाढीबाट क्षतिग्रस्त क्षेत्रको स्थलगत निरीक्षण गरेको थियो ।

निरीक्षणका क्रममा नगरप्रमुख केसीले सदरमुकाम बेनी बजारको सुरक्षासँग जोडिएको संरचना पुनर्निर्माणमा ढिलाइ गर्न नहुने बताए। उनले आवश्यक लागत अनुमान र बजेट व्यवस्थापन गरी योजना तत्काल कार्यान्वयनमा लैजान आयोजनालाई आग्रह गरे ।

आयोजनाका प्रमुख प्रेमहरि पराजुलीका अनुसार मनसुनजन्य विपद्बाट भएको क्षतिको प्रारम्भिक विवरण यसअघि नै जलस्रोत तथा सिँचाइ विभागमा पठाइएको थियो । पछिल्लो बाढीबाट थप क्षति भएको विवरण समेटेर पुनः लागत तथा क्षतिको विवरण तयार गरी आवश्यक बजेटका लागि विभागमा पठाउने तयारी भइरहेको उनले बताए ।

"कालीगण्डकी नदीको कटानका कारण जोखिममा परेका बेनी बजारलगायतका बस्ती संरक्षणलाई प्राथमिकतामा राखेका छौं । आगामी बर्खाअघि नै नदी नियन्त्रणका योजना सम्पन्न गर्ने लक्ष्यसहित काम अघि बढाउँछौं," पराजुलीले भने ।

यसअघि पनि यही क्षेत्रमा जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजनामार्फत कम्पोजिट प्रविधिको पर्खाल र सघन सहरी विकास आयोजनामार्फत रिङरोड निर्माण गरिएको थियो । बाढीले ती संरचनामा क्षति पुऱ्याएपछि पुनर्निर्माणको योजना अघि सारिएको हो ।

माननीयको कालो .....

सेवा उपलब्ध गराउन सक्छ। यी दुई जिम्मेवारीको आकार र प्रभाव फरक छन्, तर दुवैमा आफ्नो सामर्थ्य अस्त्रको हितमा प्रयोग गर्ने मानवीय मूल्य जोडिएको छ।

दार्शनिक दृष्टिले हेर्दा, शक्ति र पद मानिसको परिचयका बाहिरी पक्ष हुन्; व्यवहार र चरित्रले उसको वास्तविक मूल्य देखाउँछन्। कुर्सीले अधिकार दिन्छ, तर त्यसको सदुपयोगले मात्र सम्मान कमाइन्छ। परिवर्तनको सपना देख्नु महत्त्वपूर्ण छ, तर त्यो सपना व्यवहारमा उतार्नु अझ महत्त्वपूर्ण छ ।

त्यसैले विराज दाइको राजनीतिक यात्राप्रति मेरो अपेक्षा पनि यही हो-उहाँले राज्यसत्तामा रहँदा वैकल्पिक राजनीतिको यात्रामा उठाइएका सकारात्मक मूल्यहरूलाई व्यवहारमा उतार्न सकून्। उहाँको सफलता व्यक्तिगत उपलब्धिमा मात्र सीमित नरहोस्; त्यसले नागरिकको जीवनमा सुधार ल्याओस् र नेपाली राजनीतिमा जवाफदेहिताको संस्कार बलियो बनाउन योगदान गरोस्।

अन्त्यमा, एउटा पुरानो सम्झना

मलाई आज पनि त्यो दृश्य सम्झना आउँछ–काठमाडौंको चिसो मौसम, सिमसिम पानी, मोटरसाइकलमा नवलपुर फर्किन तयार म र मेरो घुँडासम्म आइपुग्ने कालो ज्याकेट । त्यो ज्याकेट अहिले कहाँ छ, मलाई थाहा छैन। समयसँगै पुरानो भयो कि अरु कसैको उपयोगमा गयो, त्यो पनि थाहा छैन। तर त्यससँग जोडिएको सम्झना भने अझै मसँग सुरक्षित छ।

विराज दाइ, तपाईं आज देशको ऊर्जा क्षेत्रको नेतृत्व गरिरहनुभएको छ। तपाईंको कार्यकाल सफल होस्, नेपालको ऊर्जा क्षेत्रले उल्लेखनीय प्रगति गरोस् र नागरिकले त्यसको प्रत्यक्ष लाभ पाऊन्-हार्दिक शुभकामना ।

एउटा पुरानो राजनीतिक सहयात्रीका रूपमा मेरो अर्को अपेक्षा पनि छ–तपाईंले प्राप्त गर्नुभएको उचाइले हिजोका बाटाहरूलाई अझ स्पष्ट देखाओस्। तपाईंको जिम्मेवारीले नागरिकका समस्या अझ नजिकबाट बुझ्न सघाओस्। र, तपाईंको राजनीतिक यात्राले वैकल्पिक राजनीतिमा कुनै समय हामीले देखेको परिवर्तनको सपनालाई व्यवहारमा प्रमाणित गर्न सकोस्।

हामी सँगै हिँडेको बाटो सधैँ एउटै रहनुपर्छ भन्ने छैन। हाम्रा भूमिका र जिम्मेवारी फरक हुन सक्छन् । तर, विगतमा सँगै देखेका सपना र बाँडेका अनुभवलाई सम्मान गर्न सक्नु नै सम्बन्धको सुन्दरता हो ।

त्यस दिन तपाईंले मलाई दिनुभएको ज्याकेट मेरो शरीरमा नमिले पनि मनमा मिलेको थियो। आज हाम्रो जीवनका बाटाहरु फरक भए पनि त्यो आत्मीयता मेरो स्मृतिमा मिलेरै बसेको छ ।

पदले मानिसको परिचय बदल्न सक्छ, समयले जीवनका बाटाहरु बदल्न सक्छ; तर साँचो आत्मीयताले छोडेको न्यानोपनलाई समयले पनि मेटाउन सक्दैन।

विराज दाइ, त्यो कालो ज्याकेटको सम्झना मेरो लागि केवल विगतको एउटा घटना होइन। त्यो वैकल्पिक राजनीतिको सहयात्रा, मानवीय सम्बन्धको महत्त्व र समयसँगै बदलिँदै जाने जीवनका बीच पनि सुरक्षित रहन सक्ने आत्मीयताको प्रतीक हो ।

ज्याकेट मेरो घुँडासम्म आइपुगेको थियो, तर त्यसले दिएको न्यानोपन आजसम्म मेरो मनमा अटाइरहेको छ। अनलाइनखबरबाट

किसानलाई सस्तोमा .....

बढाउने नीति लिएको छ ।

गत वर्षदेखि व्यावसायिक रूपमा फूल खेती गर्दै आएका महिलाले गाउँपालिकाको अनुदान र कृषि प्राविधिकको परामर्शमा उत्पादन गरिरहेका छन् । गाउँपालिकाका आर्थिक विकास शाखा प्रमुख प्रदीप न्यौपानेका अनुसार स्थानीय किसानलाई फूल खेतीमा प्रोत्साहन गर्न पालिकाले गएको तीन वर्षदेखि ७० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको छ ।

पालिकाले किसानले उत्पादन गरेको फूल टिपेर सुरक्षित राख्न चिस्यान केन्द्रको व्यवस्थासमेत गरेको छ । उत्पादन बढाउन अनुदान र प्राविधिक सहयोग उपलब्ध भए पनि किसानले अपेक्षित मूल्य पाउने गरी बजार व्यवस्थापन गर्नु अर्को चुनौती बनेको छ ।

स्थानीय उत्पादनलाई चाडपर्व तथा सार्वजनिक कार्यक्रममा प्राथमिकता दिने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके किसानले बजार पाउने र बाहिरबाट फूल आयात गर्नुपर्ने निर्भरता घट्ने अपेक्षा गरिएको छ।

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

कार्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

bhanjyangnews.com



मुस्ताङमा बर्सेनि ११ लाख टन माटो बग्छ, कालीगण्डकीको सतह बढ्दो जोखिममा

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

हिमाली जिल्लाको कमजोर भौगर्भिक बनोट, भिरालो भूगोल र जलवायु परिवर्तनका कारण मुस्ताङमा बर्सेनि ११ लाख टनभन्दा बढी माटो बगेर नदी तथा खोलामा मिसिने गरेको छ । तीव्र भूक्षयका कारण कालीगण्डकी नदीमा गेग्रान थुप्रिने क्रम बढ्दै जाँदा नदीको सतह उकासिएको छ भने तटीय क्षेत्रका बस्तीमा बाढी र कटानको जोखिमसमेत बढेको छ ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतको अध्ययनअनुसार मुस्ताङमा प्रतिवर्ष ११ लाख ४६ हजार ५७.७ टन माटो भूक्षय हुने गरेको छ । अध्ययनले नदीजन्य पदार्थको अत्यधिक थुप्रो र नदीको सतह वृद्धिलाई तटीय क्षेत्रको जोखिमसँग जोडेको छ ।

कार्यालयका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रका अनुसार एक दशक अघिसम्म कालीगण्डकी नदीमा प्रतिवर्ष करिब एक फिट नदीजन्य पदार्थ थुप्रिने गरेकोमा पछिल्लो अध्ययनले वर्षमा २.५ मिटरले नदीको सतह उकासिने गरेको देखाएको छ ।

"हरेक वर्ष नदीको सतह उकासिएको छ । मानवीय त्रुटि र जलवायु परिवर्तनले विनाश निम्त्याएको छ", मिश्रले बताए। उनका अनुसार मुस्ताङको कमजोर भूगर्भ र प्राकृतिक अवस्थाका कारण वन तथा खेतीयोग्य जमिनबाट समेत ठूलो परिमाणमा माटो बग्ने गरेको छ। रूख कटान हुने क्षेत्रमा प्रतिवर्ष प्रतिवर्ग किलोमिटर पाँच हजारदेखि १० हजार टनसम्म, प्राकृतिक वनक्षेत्रबाट १० देखि १२ टन तथा खेतीपाती हुने जमिनबाट प्रतिहेक्टर एक सय टनसम्म माटो बगेर नदीमा मिसिने गरेको उनले बताए ।

जलवायु परिवर्तनका कारण मनसुनमा हुने अत्यधिक वर्षाले सहायक नदी तथा खोलामा बाढीको चाप बढाएको छ । गेग्रानसहित आउने बाढीको तीव्र वेगले मानवनिर्मित संरचनासमेत क्षतिग्रस्त बनाउन सक्ने मिश्रको भनाइ छ । मुस्ताङमा वार्षिक अधिकतम ६६५ मिलिमिटरसम्म वर्षा हुने गरेको छ । भूकम्पीय कम्पन, भौगर्भिक हलचल र प्राकृतिक रूपमा जमिन खिइने प्रक्रियाले पनि भूक्षयको जोखिम बढाएको अध्ययनले देखाएको छ ।

भूक्षय नियन्त्रणका लागि सडक विस्तार तथा निर्माण र अन्य मानवीय क्रियाकलापलाई भूगोलअनुकूल बनाउनुपर्ने मिश्रको सुझाव छ । जमिनको उर्वराशक्ति घटाउने मात्र नभई नदी तथा खोलामा गेग्रान थुपार्ने भूक्षय नियन्त्रण गर्न नसके बाढीको जोखिम थप बढ्ने उनले बताए ।



अध्ययनले बस्ती नजिक थुप्रिएको नदीजन्य पदार्थ तत्काल व्यवस्थापन गरी नदीको सतहमा नियमित निगरानी गर्नुपर्ने आवश्यकता औंल्याएको छ । विशेषगरी तटीय क्षेत्रमा थुप्रिएको गेग्रानले नदीको बहाव प्रभावित पार्दा बर्खायाममा बस्ती कटानको जोखिम बढ्ने गरेको छ ।

करिब तीन हजार ५७३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको मुस्ताङ समुद्री सतहबाट दुई हजार १० मिटरदेखि आठ हजार १६७ मिटरसम्मको उचाइमा अवस्थित छ । यहाँका पाँच स्थानीय तहका तटीय क्षेत्रमा कालीगण्डकी र सहायक नदीको कटानले जोखिम बढाउँदै लगेको छ ।

ल्होमन्थाङ, लोघेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका नदी किनारका क्षेत्रमा बर्खामा आउने बाढीले कटान तथा गेग्रान थुपार्ने समस्या देखिने गरेको छ । मुस्ताङबाट बग्ने कालीगण्डकी सहायक नदीले एकभन्दा बढी जिल्लालाई प्रभावित गर्ने भएकाले नदीजन्य पदार्थको व्यवस्थापनमा अन्तरजिल्ला समन्वय आवश्यक रहेको घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचन बताउँछन् । उनले नदीमा थुप्रिएको गेग्रानको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिए

भू तथा जलाधार व्यवस्थापन कार्यालयको तथ्याङ्कअनुसार गण्डकी प्रदेशका मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत र स्याङ्जा गरी पाँच जिल्लामा वार्षिक दुई करोड १० लाख ३४ हजार ७०२ टनभन्दा बढी माटो भूक्षय हुने गरेको छ । यसले भूक्षय नियन्त्रण, जलाधार संरक्षण र नदीजन्य पदार्थको वैज्ञानिक व्यवस्थापनलाई पाँचै जिल्लाको साझा चुनौतीका रूपमा देखाएको छ ।

facebook twitter



Narayan Gaunle
facebook.com/ngaunle

प्रधानन्यायाधीशदेखि प्रधानमन्त्रीसम्म र प्रहरी प्रमुखदेखि सेनापतिसम्मको नाम जोडिएर आएको यस्तो गम्भीर काण्डमा हलुका टिप्पणी गर्न सकिएन! यो काण्डले सुशासनको जग र विश्वास नै हल्लाएको छ ! जसले छानबिनको माग गर्ने हो, जसले छानबिन गर्ने हो, जसले फैसला गर्ने हो र जसले कार्वाही गर्ने हो, ती सबैको नाम एउटै धागोमा उनिएर आउनु दुर्भाग्यपूर्ण छ ।
देखिएका डटहरु जोड्ने हो भने एउटा भयानक चित्र तैयार हुने रहेछ । सत्य त्यस्तो नहोस् भन्ने कामना छ । कहिलेकाहीँ दृश्य र सत्य फरक हुन सक्छ । अहिले पनि त्यस्तै होस् ।
देउबादेखि ओलीसम्मको नाम पनि बिचौलियासँग जोडिएकाले हामीले तिनलाई भ्रष्ट घोषणा गरेका हौं । आफ्नै हातले घूस लिएको या मागेको तथ्य हामीसँग छैन ।
अहिले त सिङ्गो देश नै बिचौलियाको नेक्ससमा घुमेजस्तो दृश्य देखिएको छ ।
लोकतन्त्र र सुशासनको आधारस्तम्भ भनेको जबाफदेहिता हो । प्रधानमन्त्री बालेनकै नाम जोडिन आएको यो काण्डमा उनले जबाफ दिनु आवश्यक छ । किन वरिष्ठता मिचेर चौथो नम्बरका व्यक्ति प्रधानन्यायाधीश बनेका थिए भन्ने प्रश्न पनि अझै अनुत्तरित छ ।
नाम जोडिएकै भरमा त्यो तथ्य बन्दैन । तर शंकाको सुई घुमेपछि र यति भयानक स्तरको भ्रष्टाचारको विषय उठेपछि जबाफ त दिनै पर्छ । मेरो व्यक्तिगत अनुभूतिमा अदालतसँग सेटिङ नमिलेसम्म भविष्य असुरक्षित हुनसक्ने धेरै नेता र शक्तिशाली खेलाडीहरु राजनीति वरपर छन् । बालेन आफैमा अपवाद हुन सक्छन् । शुद्ध मनले चाहने हो भने उनले दबाब र तत्कालीन नाफाघाटा बिर्सेर न्यायालयलाई शुद्ध बनाउन सक्छन् । यति ठूलो चक्रव्यूह चिर्नु पक्कै सजिलो छैन । आफ्नै दलका अनुहार पनि होलान् । यस्तै काण्डमा कसैको नाम मुछिनेबित्तिकै अनुसन्धानबिनै समाइहाल्ने र कसैको पक्षमा मौन साधेर बस्नेजस्तो सेलेक्टिभ जस्टिस पनि देखिन हुँदैन ।
तर यो संकटमात्रै नभएर ऐतिहासिक अवसर पनि हुनसक्छ । यदि यो काण्डमा देखिएका डट सही हुन् र प्रधानमन्त्री कार्यालयसम्म नै त्यो बाछिटा पुगेको हो भने अब यो देश पशुपतिनाथले मात्रै बचाउन सक्लान् । तर बालेन ओभानो छन् र यो जालो तोड्न प्रतिबद्ध छन् भने हाम्रो पूर्ण साथ र शुभेच्छा रहनुपर्छ । सत्यको पक्षमा एक्लै भए पनि निर्मम भएर लड्ने साहस उनलाई मिलोस् ! आरोपप्रत्यारोप भन्दा पनि देशको न्यायिक छवि नै दाउमा रहेको बेला संयमित र प्रभावकारी कदम चाल्नु आवश्यक छ ।
तर यसको सुरूवात देखिने र सुनिने गरी उनले नै गर्न पर्छ! मौनतालाई जबाफदेहिता भन्न मिल्दैन।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,



❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मनाङमा दसैंमा पदयात्री बढे, १५ दिनमा पाँच हजारभन्दा बढी पर्यटक

भञ्ज्याङ समाचारदाता/मनाङ

दसैंको अवधिमा चक्रीय अन्नपूर्ण पदमार्गको मनाङ खण्डमा पदयात्रा गर्ने पर्यटकको सङ्ख्या बढेको छ । बाढीपहिरो र पदमार्गमा देखिएका विभिन्न कठिनाइका बाबजुद यस वर्षको दसैंमा गत वर्षको तुलनामा ७६९ जना बढी पदयात्री मनाङ पुगेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय मनाङका अनुसार घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अर्थात् अक्टोबर ११ देखि २५ सम्म पाँच हजार ३८४ जना पदयात्रीले मनाङ भ्रमण गरेका छन् । गत वर्ष सोही अवधिमा चार हजार ६१५ जना पदयात्री मनाङ पुगेका थिए ।

यस वर्षको दसैं अवधिमा मनाङ भ्रमण गर्नेमा तीन हजार २८८ पुरूष, दुई हजार ९४ महिला र दुई जना अन्य लिङ्गका पदयात्री छन् । गत वर्षको तुलनामा पर्यटकको सङ्ख्या करिब १६ दशमलव सात प्रतिशतले बढेको देखिन्छ ।

एक्याप इलाका संरक्षण कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले प्रतिकूल अवस्थाका बाबजुद पदयात्रीको सङ्ख्या बढ्नु पर्यटन क्षेत्रका लागि सकारात्मक भएको बताए। प्राकृतिक विपद् तथा पदमार्गमा देखिएका कठिनाइले यात्रा प्रभावित हुन सक्ने अवस्थामा पनि पर्यटकको आगमन बढ्नुले मनाङप्रतिको आकर्षण कायम रहेको उनको भनाइ छ ।

हिमाली भूगोल, प्राकृतिक सौन्दर्य, अग्ला हिमालका दृश्य र मौलिक सांस्कृतिक विशेषताका कारण मनाङ चक्रीय अन्नपूर्ण पदमार्गको प्रमुख आकर्षणका रूपमा रहँदै आएको छ। विशेषगरी दसैंको समय अनुकूल मौसम र हिमाली दृश्यावलोकनका लागि पदयात्रा गर्ने पर्यटकको आगमन बढ्ने गरेको छ ।

पर्यटकको सङ्ख्यामा भएको वृद्धिले मनाङको पर्यटन व्यवसायमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । पदयात्रामा आउने पर्यटकबाट होटल, रेस्टुरेन्ट, चिया पसल, यातायात तथा स्थानीय उत्पादनमा आधारित व्यवसायले आम्दानी गर्ने अवसर पाउँछन् ।

यद्यपि, पदयात्रीको आगमनलाई निरन्तरता दिन पदमार्गको सुरक्षा, विपद्पछिको पुनःस्थापना, आवश्यक पूर्वाधार र पर्यटकमैत्री सेवामा ध्यान दिनुपर्ने देखिन्छ। पर्यटकको सङ्ख्यामा भएको वृद्धिलाई स्थानीय अर्थतन्त्रमा दीर्घकालीन लाभमा रूपान्तरण गर्न सुरक्षित र व्यवस्थित पदयात्राको वातावरण सुनिश्चित गर्नु आवश्यक छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४

@bhanjyangdaily www.bhanjyangnews.com @bhanjyangdaily YouTube @bhanjyangtvonline9